


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ६१ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३३ अंक ०८ | फागुन–चैत २०८२ | Year 33 Vol 08 | Feb. – April 2026

## राष्ट्रिय वाणिज्य बैंकद्वारा Smart Money Talks कार्यक्रम सम्पन्न

**काठमाण्डौं , चैत ८**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले ग्लोवल मनि विक २०२६ का अवसरमा शुक्रबार 'स्मार्ट मनि टक्स्' कार्यक्रम सम्पन्न गरेको छ।




काठमाण्डौ नयाँ बानेश्वरमा अवस्थित रत्न राज्यलक्ष्मी माध्यमिक विद्यालयमा भएको कार्यक्रममा बोल्नु हुँदै बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले वित्तीय साक्षरता स्कुल तहदेखि नै आवश्यक रहेको बताउनुभयो। उहाँले पैसाको उचित व्यवस्थापन र व्यवस्थित प्रयोगका लागि सचेतना अभिवृद्धि गर्न सके प्रत्येक व्यक्तिले आफूसँग उपलब्ध पैसालाई सदुपयोग गरी त्यसबाट धेरैभन्दा धेरै लाभ लिन सक्ने बताउनुभयो।

प्रमुख कार्यकारी अधिकृत खनालले वित्तीय क्षेत्रका विषयमा युवा तथा विद्यार्थीहरूले बढिभन्दा बढि जानकारी राख्नुपर्ने भन्दै यस विषयलाई राष्ट्रिय वाणिज्य बैंकले निरन्तर उठान गर्दै आएको स्पष्ट पार्नुभयो। खनालले बढ्दो सूचना प्रविधिको प्रयोगसंगै यसले वित्तीय क्षेत्रमा चुनौती पनि थपेको भन्दै यसतर्फ देशव्यापी

बाँकी पृष्ठ ६ मा

## उपकार्यकारी अधिकृत विनय रमण पौडेल नायब प्रमुख कार्यकारी अधिकृतमा पदोन्नति



**काठमाडौं, चैत २६**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका उपकार्यकारी अधिकृत विनय रमण पौडेल नायब प्रमुख कार्यकारी अधिकृतमा पदोन्नति हुनुभएको छ। बैंकको सञ्चालक समितिको मिति २०८२।१२।२५ को बैठकको निर्णयानुसार उहाँ उक्त पदमा पदोन्नति हुनुभएको हो। दि ईन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ इण्डिया (ICAI) बाट चार्टर्ड एकाउन्टेन्ट उपाधी हासिल गर्नुभएका उहाँले वि.सं.२०६६ सालमा तह ८ चार्टर्ड एकाउन्टेन्ट पदमा नियुक्त भई बैंकको सेवामा प्रवेश गर्नुभएको थियो। उपकार्यकारी अधिकृतको भूमिकामा रहंदा उहाँले मानव संसाधन विभाग, वित्त विभाग, पूर्वाधार बैंकिङ विभाग, कर्जा अनुगमन तथा असुली

बाँकी पृष्ठ ६ मा



# प्रमुख कार्यकारी अधिकृतको सन्देश



**देवेन्द्र रमण खनाल**
**प्रमुख कार्यकारी अधिकृत**

सम्पूर्ण कर्मचारी मित्रहरू, ग्राहकवर्ग एवं सरोकारवालाहरूमा हार्दिक नमस्कार ! फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन मार्फत एउटै राजनीतिक दलले झण्डै दुई-तिहाई मत पाए पश्चात् मुलुकले युवा प्रधानमन्त्रीको नेतृत्वमा रहेको नयाँ सरकार पाएको छ। हामी यसै सन्देश मार्फत् बैंक परिवारको तर्फबाट सम्माननीय प्रधानमन्त्री बालेन्द्र शाह ज्यू र उहाँको मन्त्रीमण्डलका सदस्यहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

कर्मचारी मित्रहरू, मुलुकमा नयाँ सरकार गठन भएसंगै जनतामा एक किसिमको उत्साह देखिएको छ। विशेषगरी सुशासनको मुख्य एजेण्डा बोकेको पार्टीको स्थिर सरकार बनेकोमा जनता बढी आशावादी छन्। सरकारले पनि आफ्ना काम कारवाहीलाई सुरुको दिनदेखि नै परिवर्तनको अनुभूति हुने गरी काम गरिरहेको सन्दर्भमा हामी पनि सोही रफ्तारमा अगाडी बढ्न तयार भएका छौं। सुशासनसँगै समृद्धिको साझा लक्ष्य हासिल गर्न बैंकिङ क्षेत्रको महत्वपूर्ण भूमिका हुने हुँदा उक्त भूमिका निर्वाह गर्न तल्लिन हामीले सरकारी स्वामित्वको बैंक हुनुका नाताले पनि अझ बढी जिम्मेवारीबोध गरेका छौं।

कर्मचारी मित्रहरू, हालै मात्र सरकारले अगाडी सारेको शासकीय सुधारका एक सय कार्यसूचीहरूमा औंल्याइएका विषयहरूका आधारमा व्यवसाय विस्तार तथा सेवा प्रवाहमा सुधार गर्न हामीले विशेष ध्यान दिन जरुरी छ। व्यवसाय विस्तार गर्ने क्रममा हामीले छिटोछरितो एवं गुनासो शुन्य हुने स्तरमा सम्बन्धित कर्मचारीहरूको ज्ञान, सीप तथा क्षमतामा अभिवृद्धि गरी कार्य सञ्चालन गर्ने, सेवा प्रवाहमा लाग्ने समय, प्रकृया एवं कागजातहरूका बारेमा सेवाग्रहीलाई प्रष्ट रुपमा जानकारी दिने, समय सीमा तोकी कार्य सञ्चालन गर्ने र प्रत्येक कार्य दिनमा सम्पन्न भएको कामको विवरण माथिल्लो तहमा रिपोर्टिङ्ग गर्ने अभ्यास गर्नुपर्छ ।

त्यसैगरी सेवा प्रवाह सुधारका सम्बन्धमा सेवाग्राहीको अपेक्षालाई यथाशीघ्र सम्बोधन गरी कार्य गर्ने, सेवा प्रवाहमा सुधारका लागि कार्ययोजना तयार गरी यथाशीघ्र लागू गर्ने, सुधार गर्नुपर्ने कार्यविधि एवं नीतिगत व्यवस्थाको सम्बन्धमा यथाशीघ्र सम्बन्धित विभाग वा कार्यालयमा सुझाव पेश गर्ने र सबै कर्मचारीहरूले आफ्नो सेवा स्थलबाट जुन कार्यदिनमा गर्नुपर्ने काम हो सोही दिन सम्पन्न गरेर मात्र कार्यालयबाट निस्कनु पर्ने अभ्यास गर्नुपर्छ ।

अन्त्यमा, हामी सबैले आ-आफ्नो स्थानबाट उत्कृष्ट कार्य सम्पादन गरी जनआकांक्षा बमोजिम चुस्त सेवा प्रवाह गर्नमा कुनै कसर बाँकी नराख्न मन, वचन र कर्मले समर्पित भई सुशासनसँगै समृद्धिको यात्रामा सरकार, नियामक निकाय एवं सम्पूर्ण सरोकारवालासहित अघि बढौं भन्दै नयाँ वर्ष २०८३ को शुभकामना व्यक्त गर्दछौं।

धन्यवाद ! ■

# राष्ट्रिय बाणिज्य बैंकको RBB Foneloan सेवा सहज

**काठमाडौं , चैत १२**

राष्ट्रिय बाणिज्य बैंकले बैंकको मोबाइल एप RBB Digital Sansar बाट उपभोग गर्न सकिने गरी उपस्थिति नजनाई हाललाई एक लाख रुपैयाँसम्मको कर्जा उपभोग गर्न पाउनेछन्। यो सुविधा बैंकमा तलबी खाता भएका ग्राहकले खातामा भएको




विकास गरिएको Digital Lending Product कार्यान्वयन गर्न राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र फोनलोन प्राइभेट लिमिटेडबीच सम्झौता सम्पन्न भएको छ।

उक्त RBB Foneloan सेवा मार्फत् ग्राहकले बिना धितो, बिना कागजी प्रकृया, बैंकमा भौतिक कारोबारका आधारमा पाउनेछन् र सोका लागि आफ्नो खातामा रजिष्टर्ड भएको मोबाइल बैंकिङ्ग सुविधा अन्तर्गत बैंकको मोबाइल बैंकिङ्ग एप RBB Digital Sansar बाट आवेदन दिनुपर्नेछ। आवेदन पश्चात् बैंकले आवश्यक प्रकृया पूरा गरी कर्जा स्वीकृत गर्नेछ। ■




# प्रदेशहरूमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरी “ग्लोबल मनि विक २०२६” मनाइयो

## कोशी प्रदेश




‘ग्लोबल मनि विक २०२६’ को अवसरमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड कोशी प्रादेशिक कार्यालयको आयोजनामा चैत्र ८ गते वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ। बिराटनगर महानगरपालिकाको वडा नं १५ रानीमा अवस्थित श्री मनकामना माध्यमिक विद्यालय बिराटनगरमा आयोजित उक्त कार्यक्रममा ३८ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा बैंक खाताको महत्व, बैंकिङ कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू, सुरक्षित डिजिटल कारोबार, लगायतका विषयमा कोशी प्रादेशिक कार्यालयमा कार्यरत सहायक प्रबन्धक (सू. प्र.) श्री राहुल कर्ण, सहायक श्री कृष्ण प्रसाद बराल, सहायक श्री प्रेम बहादुर धिमाल तथा शाखा कार्यालय, सुख्खाबन्दरगाह, बिराटनगरका शाखा प्रबन्धक श्रीप्रवेश खड्गीले प्रशिक्षण दिनुभएको थियो। कोशी प्रादेशिक कार्यालयका उपप्रमुख श्री बरुण कुमार कर्णको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन सहायक श्री कृष्ण प्रसाद बरालले गर्नुभएको थियो। वित्तीय साक्षरता कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई कोशी प्रादेशिक कार्यालय, बिराटनगरमा स्थलगत भ्रमण गराई प्रादेशिक कार्यालयका विभिन्न फाँटहरूबाट सम्पन्न हुने कामहरूका बारेमा जानकारी गराईएको थियो भने शाखा कार्यालय, सुख्खा बन्दगाह विराटनगरमा स्थलगत भ्रमण गराई खाता खोल्ने तरिका, ब्याजदर, खाता सञ्चालन विधि, बैंक खाताको महत्व, कर्जा अन्तर्गत विभिन्न कर्जा प्रोडक्टहरू, डिजिटल बैंकिङ सम्बन्धि जानकारी, रेमिट्यान्स भुक्तानी प्रक्रिया तथा महत्वका बारेमा जानकारी गराईएको थियो।

त्यसैगरी ‘स्मार्ट मनि टक्स’ भन्ने नाराका साथ साताव्यापी रुपमा मनाईएको यसपटकको ‘ग्लोबल मनि विक’ मा कोशी प्रादेशिक कार्यालय अन्तर्गतका ४७ वटा शाखा कार्यालयले विभिन्न विद्यालय, महिला समूह, प्रहरी युनिट लगायतका गरी ४९ वटा संघसंस्थाका कुल १७५५ जनालाई सहभागी गराई वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेका छन्। यस किसिमका कार्यक्रमले वित्तीय पहुँच र वित्तीय समावेशीकरणमा टेवा पुग्नुका साथै बैंकिङ व्यवहार र उद्धमशिलता प्रवर्द्धनसँगै आर्थिक समृद्धिका लक्ष्य हासिल गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ। ■



## मधेस प्रदेश




‘ग्लोबल मनि विक २०२६’ को अवसरमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड मधेश प्रादेशिक कार्यालयको आयोजनामा चैत्र ०८ गते वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ । वीरगन्ज महानगरपालिकाको वडा नं १६ मा अवस्थित पि.एम.सी एकेडेमी विद्यालयमा आयोजित उक्त कार्यक्रममा ३६ जना विद्यार्थीको सहभागिता रहेको थियो।

कार्यक्रममा बैंक खाताको महत्व, बैंकिङ कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू, सुरक्षित डिजिटल कारोबार, डिजिटल अपराध, बैकिङ सुविधा तथा अपराध, कालोसूची सम्बन्धि व्यवस्था लगायतका विषयमा मधेश प्रादेशिक कार्यालयमा कार्यरत श्री रवि प्रसाद कानु, श्री अशोक कुमार यादव, श्री मोद नारायण चौधरी र श्री आयुष कोईरालाले प्रशिक्षण दिनुभएको थियो। मधेश प्रादेशिक कार्यालयका प्रशासन प्रमुख श्री रवि प्रसाद कानुको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको संचालन श्री अशोक कुमार यादवले गर्नुभएको थियो।

त्यसैगरी ‘स्मार्ट मनि टक्स’ भन्ने नाराका साताव्यापी रुपमा मनाईएको यसपटकको ‘ग्लोबल मनि विक’ मा मधेश प्रादेशिक कार्यालय अन्तर्गतका २५ वटा शाखा कार्यालयले विद्यालय तथा स्थानीय समुदायमा गरी २० वटा संघसंस्थाका कुल ८८१ जनालाई सहभागी गराई वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेका छन्। ■

## बागमती प्रदेश




‘ग्लोबल मनि विक २०२६’ को अबसरमा राष्ट्रिय वाणिज्य बैंक बागमती प्रादेशिक कार्यालय र शाखा कार्यालय टेकुको संयुक्त आयोजनामा चैत्र ६ गते वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ। काठमाडौंको त्रिपुरेश्वरस्थित विश्वदीप बहुमुखी क्याम्पस, पिपुल्स क्याम्पस, पकनाजोल र नेपाल कमर्स क्याम्पस मिनभवनमा अध्ययनरत ३५ जना छात्र छात्राहरूलाई शाखा कार्यालय टेकुमा आमन्त्रण गरी वित्तीय साक्षरता कार्यक्रम आयोजना गरियो। कार्यक्रममा बैंक खाताको महत्व, बैकिङ् कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू, सुरक्षित डिजिटल कारोबार र कर्जा लगायतका विषयमा प्रादेशिक उपप्रमुख श्री चेतराज

भट्ट, शाखा प्रबन्धक श्री बिक्रममान श्रेष्ठ, प्रबन्धक सुमीत श्रेष्ठ लगायत शाखा कार्यालयमा कार्यरत कर्मचारीहरूले प्रशिक्षण दिनुभएको थियो । प्रादेशिक उपप्रमुख श्री चेतराज भट्टको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन वरिष्ठ सहायक श्री भुवनराज भट्टले गर्नुभएको थियो ।

त्यसैगरी स्मार्ट मनि टक्स भन्ने नाराका साथ साताव्यापी रुपमा मनाईएको यसपटकको ग्लोबल मनि विकमा बागमती प्रादेशिक कार्यालय अन्तर्गतका ३४ वटा शाखा कार्यालयले विद्यालय, महिला समुह, स्थानिय समुदाय लगायत गरी ४५ वटा संघसंस्थाका कुल १३०६ जनालाई सहभागी गराई वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेका छन् । ■

## गण्डकी प्रदेश




'ग्लोबल मनि विक २०२६' को अवसरमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड गण्डकी प्रादेशिक कार्यालयको आयोजनामा चैत्र ०४ गते वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ। पोखरा महानगरपालिकाको वडा नम्बर ९ मा अवस्थित सगरमाथा उच्च माध्यमिक विद्यालयमा आयोजित उक्त कार्यक्रममा ४९ जना विद्यार्थीको सहभागिता रहेको थियो। कार्यक्रममा बैंक खाताको महत्व, बैंकिङ कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू, सुरक्षित डिजिटल कारोबार लगायतका विषयमा प्रादेशिक प्रबन्धक पुष्प चन्द्र थापा, ब्राञ्च अपरेसन इन्चार्ज दयाराम पन्त र प्रशासन इन्चार्ज गोपाल प्रसाद न्यौपानेले प्रशिक्षण दिनुभएको थियो। गण्डकी प्रादेशिक कार्यालयका प्रमुख पुष्प चन्द्र थापाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन गोपाल प्रसाद न्यौपानेले गर्नुभएको थियो।

त्यसैगरी 'स्मार्ट मनि टक्स' भन्ने नाराका साताव्यापी रुपमा मनाईएको यसपटकको 'ग्लोबल मनि विक' मा गण्डकी प्रादेशिक कार्यालय अन्तर्गतका ३५ वटा शाखा कार्यालयले विद्यालय, प्रहरी कार्यालय, स्थानीय तहका कार्यालयहरू लगायत गरी ३५ वटा संघसंस्थाका कुल ११५९ जनालाई सहभागी गराई वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेका छन्। यस किसिमका कार्यक्रमले वित्तीय पहुँच र वित्तीय समावेशीकरणमा टेवा पुग्नुका साथै बैंकिङ व्यवहार र उद्धमशिलता प्रवर्द्धनसंगै आर्थिक समृद्धिका लक्ष्य हासिल गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ। ■

## लुम्बिनी प्रदेश




लुम्बिनी प्रादेशिक कार्यालय र सो अन्तर्गतका ३१ वटा शाखाहरूद्वारा Global Money Week अवसरमा चैत्र २ गते देखि ८ गतेसम्म विभिन्न युवा लक्षित कार्यक्रम सम्पन्न गरिएको छ। विभिन्न स्कूलका कक्षा ९ देखि १२ सम्म अध्ययनरत तथा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई कार्यालयमा उपस्थित गराएर वित्तिय साक्षरता कार्यक्रम गरिएको थियो ।

कार्यक्रममा सम्बन्धित कार्यालयका प्रबन्धक तथा अन्य कर्मचारीहरूबाट निक्षेप, कर्जा, रेमिट्यान्सका विभिन्न Product हरूको बारेमा प्रत्यक्ष रुपमा जानकारी गराइएको थियो। उक्त कार्यक्रममा विद्यार्थीहरूको सक्रिय सहभागिता रहेको र बैंकका विभिन्न कारोवारका सम्बन्धमा स्थलगत रुपमा बैंकमा नै उपस्थित भई जानकारी लिन पाउंदा युवा विद्यार्थीहरू अत्यन्त उत्साहित भएको पाइयो। कार्यक्रममा विद्यार्थीहरूले निक्षेप भनेको के हो, निक्षेपको महत्व के हो, खाता खोल्न के के कागजातहरू आवश्यक पर्दछ, खाता सञ्चालन कसरी गर्ने, Digital Transaction भनेको के हो, यो कसरी सञ्चालन हुन्छ र Digital Transaction गर्दा अपनाउनु पर्ने सावधानीहरू के के हुन्, कर्जा भनेको के हो, के कस्तो प्रयोजनका लागि कर्जा लिन पाइन्छ, कर्जाको सदुपयोग कसरी गर्ने, कर्जा दुरुपयोग भएमा वा समयमा चुक्ता नगर्दा के हुन्छ, रेमिट्यान्स भनेको के हो, यो कसरी पठाइन्छ भन्ने बारेमा अभिरुचिपूर्वक प्रश्न गरी जानकारी लिएका थिए। साथै कार्यक्रममा सहभागी भई बैंकको कारोबारको विषयमा धेरै कुरा सिक्न पाएको र वित्तीय सचेतनाको विषयमा जानकारी पाएको कुरा विद्यार्थीहरूले बताएका थिए। कार्यक्रमबाट कुल १०३९ युवा विद्यार्थीहरू लाभान्वित भएका थिए। ■

## कर्णाली प्रदेश




'ग्लोबल मनि विक २०२६' को अवसरमा राष्ट्रिय वाणिज्य बैंक कर्णाली प्रादेशिक कार्यालयको आयोजनामा चैत्र ०८ गते वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ। विरेन्द्रनगर नगरपालिकाको वडा नं. ८ मा अवस्थित सुर्खेत मोडेल कलेजमा आयोजित उक्त कार्यक्रममा ५६ जना विद्यार्थीको सहभागिता रहेको थियो।

कार्यक्रममा बैंक खाताको महत्व, बैकिङ कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू, सुरक्षित डिजिटल कारोबार, रेमिट्यान्स कारोबार लगायतका विषयमा राष्ट्रिय वाणिज्य बैंक कर्णाली प्रादेशिक कार्यालयमा कार्यरत उपप्रबन्धक जय प्रकाश बराल, बरिष्ठ सहायक प्रेम बहादुर फडेरा र बरिष्ठ सहायक विवेक आचार्यले प्रशिक्षण दिनुभएको थियो। प्रादेशिक कार्यालयका उपप्रबन्धक जय प्रकाश बरालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन प्रादेशिक कार्यालयका वरिष्ठ सहायक प्रेम बहादुर फडेराले गर्नुभएको थियो।

त्यसैगरी 'स्मार्ट मनि टक्स' भन्ने नाराका साताव्यापी रुपमा मनाईएको यसपटकको 'ग्लोबल मनि विक' मा कर्णाली प्रादेशिक कार्यालय र सो अन्तर्गतका १८ वटा शाखा कार्यालयहरूले विद्यालय, कलेज र पालिकाहरूका कुल ७०५ जनालाई सहभागी गराई वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेका छन्। यस किसिमका कार्यक्रमले वित्तिय पहुँच र वित्तीय समावेशीकरणमा टेवा पुग्नुका साथै बैकिङ व्यवहार र उद्यमशीलता प्रवर्धनसँगै आर्थिक समृद्धिका लक्ष्य हासिल गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ। ■

## सुदूरपश्चिम प्रदेश




'ग्लोबल मनि विक २०२६' को अवसरमा राष्ट्रिय वाणिज्य बैक सुदुरपश्चिम प्रादेशिक कार्यालयको आयोजनामा चैत्र ०२ गते वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ। धनगढी उप-महानगरपालिकाको वडा नं. ४ मा अवस्थित राष्ट्रिय वाणिज्य बैंकको सुदुरपश्चिम प्रादेशिक कार्यालयमा आयोजित उक्त कार्यक्रममा धनगढी कैलाली स्थित चैतन्य पाठशाला र कैलाली बहुमुखी क्याम्पसका २७ जना विद्यार्थी र १० जना कर्मचारीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा बैंक खाताको महत्व, बैकिंङ कारोवार गर्दा ध्यान दिनु पर्ने कुराहरू, सुरक्षित डिजिटल कारोवार, कर्जा कारोवार लगायतका विषयमा कार्यालयमा कार्यरत प्रादेशिक प्रवन्धक र अन्य कर्मचारीहरूले प्रशिक्षण दिनु भएको थियो। सुदुरपश्चिम प्रादेशिक कार्यालयका प्रमुख श्री राजेन्द्र आचार्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन राजेन्द्र बहादुर विष्टले गर्नु भएको थियो।

त्यसैगरी Smart Money Talks भन्ने नाराको साथ साताव्यापी रुपमा मनाइएको यस पटकको Global Money Week मा सुदुरपश्चिम प्रादेशिक कार्यालय अन्तर्गतका २२ वटा शाखा कार्यालयहरूले विद्यालय, महिला समुह लगायतका गरी ३० वटा संघसंस्थाका कुल ८४४ जनालाई सहभागी गराई वित्तीय साक्षरता कार्याक्रम सम्पन्न गरेका छन्। यस किसिमका कार्यक्रमले वित्तीय पहुँच र वित्तीय समावेशीकरणमा टेवा पुग्नुका साथै बैकिङ व्यवहार र उद्यमशीलता प्रवर्धनसँगै आर्थिक समृद्धिका लक्ष्य हासिल गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ। ■

## शुभकामना

नव वर्ष २०८३ सालको सुखद अवसरमा सम्पूर्ण सेवाग्राही, निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, कार्यरत कर्मचारी लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति सु-स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लि. परिवार

# कर्णाली उत्सवमा राष्ट्रिय वाणिज्य बैंकले गर्‍यो शीर्ष प्रायोजन




**काठमाडौं, चैत ३०**

'कर्णाली उत्सवः कुडा कर्णाली'को सातौं संस्करणका लागि राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले सुर्खेतको विरेन्द्रनगरमा चैत २८ गतेदेखि सुरु भई चैत ३० गते सम्पन्न गरिएको आयोजक ऋति फाउन्डेसनले जनाएको छ। उक्त



शीर्ष प्रायोजकको रुपमा योगदान गरेको छ।

कर्णालीको समग्र सवालको उठान गरी यस क्षेत्रको विकास र समृद्धिमा सघाउने विशेष मञ्चका रूपमा सञ्चालित उत्सव अवसरमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले कर्णालीमा बैंकिङ क्षेत्रको लगानी तथा योगदानका सम्बन्धमा आफ्ना विचार व्यक्त गर्नुभएको थियो। ■




# पाँचौ तहदेखि नवौं तहसम्मको नयाँ पाठ्यक्रम स्वीकृत

**काठमाडौं, फागुन १०**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पाँचौ तह देखि नवौं तहसम्मको नयाँ पाठ्यक्रम स्वीकृत भएको छ। स्वीकृत नयाँ पाठ्यक्रमलाई विभिन्न तह, पद, सेवा, समूह लगायतका आधारमा लिखित परीक्षा, प्रस्तुतीकरण, अन्तर्वार्ता गरी विभिन्न चरणमा विभाजन गरिएको छ। अब उप्रान्त नयाँ पाठ्यक्रम बमोजिम पदपूर्ती सूचना प्रकाशन गरी कर्मचारीको भर्ना तथा छनोट प्रकृया अगाडी बढाइने बैंकको मानव संसाधन विभागले जनाएको छ। उक्त नयाँ पाठ्यक्रम बैंकको वेबसाइट www.rbb.com.np मा राखिएको छ।

## राष्ट्रिय वाणिज्य बैंकद्वारा...

सचेतनाका कार्यक्रमहरू अगाडी बढाउनुपर्ने तर्क गर्नुभयो।

उहाँले अपरिचित व्यक्ति वा नम्बरबाट आउने फोन वा एसएमएस लगायतका सामाजिक सञ्जालमा आएका लिंकहरू नखोल्न र सित्तैमा कसैले पैसा दिन्छु भन्ने कुरामा विश्वास नगर्न सबैमा अनुरोध गर्नुभयो। यसैगरी कतिपयले सुरुमा केही रकम वा सामान दिएर त्यो भन्दा धेरै रकम माग गर्ने अभ्यास पनि देखीएको भन्दै यस्ता प्रलोभनमा नपर्न समेत अनुरोध गर्नु भयो। सहभागी विद्यार्थीहरूले सोधेका प्रश्नको जवाफ दिनु हुँदै प्रमुख कार्यकारी अधिकृत खनालले वित्तीय साक्षरताको सुरुवात विद्यालयस्तरबाट घरघरमा पुऱ्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक दुर्गाप्रसाद भट्ट, बैंकका उपकार्यकारी अधिकृत विनयरमण पौडेल, दुर्गा कुमारी कँडेल र राम कुमार थापा सहित विभागिय प्रमुखहरू आनन्द सुवेदी, सचिन कुमार श्रेष्ठ र विभागीय उपप्रमुख उभार पाण्डे सहभागी हुनुभएको थियो। राष्ट्रिय वाणिज्य बैंकले ग्लोवल मनि विकका अवसरमा देशव्यापी रुपमा वित्तीय सक्षरता सहितका सामाजिक तथा सामुदायिक कार्यक्रम गर्दै आएको छ। ग्लोवल मनि विक हरेक वर्ष १६ देखि २२ मार्चमा विश्वव्यापी रुपमा मनाईन्छ। ■

## उपकार्यकारी अधिकृत...

विभाग र संस्थागत तथा साना मझौला कर्जा विभागहरूको हेर्ने गरी कार्यभार सम्हाल्दै आउनुभएको थियो। सोभन्दा अधि उहाँले संस्थागत तथा साना मझौला कर्जा विभाग र मानव संसाधन विभागको विभागीय प्रमुख, भोटाहिटी शाखा र कर्पोरेट शाखाको शाखा प्रबन्धक र मुख्य शाखा कार्यालयको सहायक शाखा प्रबन्धकको रूपमा जिम्मेवारी निर्वाह गर्नुभएको थियो। ■


**बैंकको नाममा हुने ठगीबाट सचेत हुनुहोस्।**

यदि कसैले तपाईलाई फोन, SMS वा इमेलमार्फत OTP, ATM PIN, Password वा अन्य व्यक्तिगत जानकारी मागेमा नदिनु होस्।

राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीले कहिल्यै पनि यस्ता गोप्य विवरण माग्दैनन्।

**कुनै शंका लागेमा राष्ट्रिय वाणिज्य बैंकका नजिकको शाखा कार्यालय, प्रादेशिक कार्यालय वा केन्द्रीय कार्यालयको आधिकारिक नम्बरमा सम्पर्क गर्नुहोस्।**




राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK

आफ्नो भनेको आफ्नै हुन्छ
www.rbb.com.np

**ब्याजदर बुझेर बैंकिङ गरौं।**

बचत, मुद्दती, कर्जा – हरेक निर्णय अघि ब्याजदर बुझ्न जरुरी छ।
RBB ले पारदर्शी ब्याजदर र स्पष्ट जानकारी प्रदान गर्दछ।

१ आकर्षक बचत ब्याजदर
२ प्रतिस्पर्धी कर्जा दर
३ आधिकारिक वेबसाइटमा अद्यावधिक विवरण



स्मार्ट निर्णयका लागि आधिकारिक स्रोतबाट मात्र जानकारी लिनुहोस्।


## हार्दिक समवेदना

यस बैंकका RBB Securities का मुख्य प्रबन्धक बेनी शाह श्रेष्ठ (१२४८४) की आमा अन्जना श्रेष्ठ, शाखा कार्यालय मिर्चैयाका शाखा प्रबन्धक नारायण पण्डित (११६३१) का बाजे बेचु पण्डित कुम्हाल, मुख्य शाखा कार्यालयमा कार्यरत उप-प्रबन्धक राजकुमार ओझा (१२५०१) का बुवा होम बहादुर ओझा, शाखा कार्यालय दरबारमार्गमा कार्यरत उप-प्रबन्धक सरिता तिवारी (१२४३१) का बुवा ऋषिराम तिवारी र शाखा कार्यालय हरिवनमा कार्यरत सहायक अस्मिता सेवा (१३८९०) का बुवा रमेश परियारको केहि समय पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिर शान्तिको कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**


*प्रकाशक*
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फो नः ०१-५७२१२२०, Ext. २४२३
इमेल : rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

*प्रमुख सल्लाहकार*
**देवेन्द्र रमण खनाल**
*प्रमुख कार्यकारी अधिकृत*

*सह-सम्पादक*
**रुद्रप्रसाद अधिकारी**

*सल्लाहकार*
**पवन रेग्मी**
*उप-कार्यकारी अधिकृत तथा सूचना अधिकारी*

*डिजाइन*
**यदु उपाध्याय**